annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५२, पृष्ठ ८ | काठमाडौं, आइतबार ७ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४६ | SUNDAY, JUNE 21, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

## जनमतबाट संगठनतर्फ रास्वपा

# 'संवैधानिक समाजवाद' को मार्गमा पहिलो महाधिवेशन

चुनावबाट पाएको अद्‌भुत जनमतलाई संगठित शक्तिमा रूपान्तरण गर्न र वैचारिक धार स्पष्ट गर्न रास्वपाको ऐतिहासिक पहिलो महाधिवेशन आजबाट सुरु हुँदैछ। संसद्‌मा झन्डै दुईतिहाइ बहुमतसहित शक्तिशाली सरकारको नेतृत्व गरिरहेको रास्वपाको यो महाधिवेशनले कस्तो नीति र नेतृत्व चयन गर्ला भन्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक चासो छ।

### रास्वपाको राजनीतिक दृष्टिकोण

- पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासन
- सामाजिक न्याय र उदार अर्थतन्त्र
- संवैधानिक समाजवाद
- समन्यायिक समावेशिता
- योग्यता, सुशासन र सदाचार
- सनातन सभ्यता र सांस्कृतिक सहअस्तित्व

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
**अनिल ढकाल** | *चितवन*

समाचार पृष्ठ २

## भित्रियो मनसुन



**काठमाडौं** (अन्नपूर्ण): सरदर समयभन्दा ६ दिन ढिलो गरी मनसुन भित्रिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

शुक्रबार कोशी प्रदेशको केही भूभागबाट मनसुन प्रवेश गरे पनि हाल कमजोर अवस्थामा रहेकाले देशका अन्य भागमा विस्तार हुन भने केही दिन लाग्न सक्ने विभागले जनाएको छ। नेपालको पूर्वी भागबाट मनसुन विस्तार भएर सातादिनसम्ममा पश्चिम भूभागसम्म विस्तार हुने गरेको छ। तर, कुनै वर्ष मनसुन ब्रेक भएर विस्तार हुने पनि गरेको छ।

गत वर्ष मे २९ मा नै मनसुन प्रवेश गरे पनि यस वर्ष ६ दिन ढिलो भएको छ। गत साता नै मनसुन भित्रिने उपयुक्त वातावरण बनिसके पनि पुन: ब्रेक भएको थियो। जसले गर्दा मनसुन सरदर मितिभन्दा केही ढिला प्रवेश गर्ने विभागको अनुमान थियो।

पूर्वमा वर्षा भइरहेको छ। झापाको केचनामा सबैभन्दा धेरै दुई सय मिलिमिटरभन्दा बढी वर्षा भएको छ।

## सरकारको १०० दिनको समीक्षा गर्दै प्रतिपक्षी दल

**अन्नपूर्ण** | *काठमाडौं*

वालेन्द्र शाह नेतृत्वमा बनेको राष्ट्रिय स्वतन्त्र पार्टीको एकल बहुमतको सरकारले १०० दिन पूरा गर्ने लाग्दा दलहरू समीक्षामा जुटेका छन्। गणतन्त्रपछि पहिलोपटक एकल बहुमत सरकार बनाएको रास्वपा सरकारको काममा प्रमुख विपक्षी दलहरूले सन्तुष्टि हुन सकेका छैनन्। सत्तारूढ रास्वपा भने सरकारको काम सही गतिमा रहेको बताउँदै जनअपेक्षा बिर्सन नसक्ने दाबी गर्दै आएको छ।

प्रमुख विपक्षी कांग्रेस र राप्रपाले सरकारको प्रारम्भिक कामको समीक्षा गरेका छन्। कांग्रेसले सरकारका कमीकमजोरीबिरुद्ध सशक्त रूपमा खबरदारी गर्ने जनाएको छ। शनिबार संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको संसदीय दल कार्यसमितिको बैठकले सरकारको काम कारबाहीको प्रारम्भिक समीक्षा गर्दै सदनमार्फत सरकारका कमीकमजोरीबिरुद्ध सशक्त रूपमा



खबरदारी गर्ने निर्णय भएको महामन्त्री प्रदीप पौडेलले जानकारी दिए।

पौडेलले सरकारको कामको प्रारम्भिक समीक्षा गर्दै भने, 'सरकारले सय दिनमा १० काम समेत गर्न सकेको छैन। सरकारले भनेका सय काम पूरा हुने त परै छाडौं, छलफलसमेत भएको छैन।'

बैठकमा सांसदहरूलाई राष्ट्रिय मुद्दाहरूलाई उठान गर्ने, जनजीविकाका सरोकारहरूलाई प्रभावकारी रूपमा सदनमा प्रस्तुत गर्न संसदीय दल र पार्टीबीच समन्वय गर्ने विषयमा छलफल भएको उनले बताए।

महामन्त्री पौडेलले प्रमुख प्रतिपक्षी दलले सदनमा निरन्तर आफ्ना विषय राख्दा पनि सरकारले नसुनेको भन्दै निरन्तर रूपमा खबरदारी गरिराख्नेसमेत उल्लेख गरे। उनले विषयगत मन्त्रालयले गरेका कामका बारेमा अध्ययन गर्न पार्टीका नेताहरूलाई जिम्मेवारी तोकिएको बताए।

» बाँकी पृष्ठ ६

इरान-अमेरिका समझदारी

## नेपालका लागि राहत र सिकाएको पाठ

**कमलदेव भट्टराई**

इरान र संयुक्त राज्य अमेरिकाबीच भएको युद्धविराम तथा त्यसपछिको शान्ति समझदारीलाई धेरैले पश्चिम एसियामा तत्कालका लागि तनाव कम भएको घटनाका रूपमा हेरेका छन्। निश्चय पनि यो घटनाले विश्वलाई सम्भावित ठूलो युद्धबाट जोगाएको छ।

तर, नेपालजस्ता साना, विकासोन्मुख र विश्व अर्थतन्त्रसँग गहिरो रूपमा जोडिएका मुलुकका लागि यो घटनाको महत्त्व केवल युद्ध रोकिएकोमा सीमित छैन। यसले नेपालको अर्थतन्त्र, ऊर्जा सुरक्षा, वैदेशिक रोजगारी र परराष्ट्र नीतिसम्बन्धी सोचलाई पुन: समीक्षा गर्नुपर्ने अवस्थामा पुर्‍याएको छ।

आजको विश्वमा कुनै पनि युद्ध केवल युद्धरत देशहरूको समस्या मात्र हुँदैन। विश्वव्यापी व्यापार, वित्तीय प्रणाली, ऊर्जा आपूर्ति र श्रम आप्रवासनको जालोले संसारलाई यति परस्पर निर्भर बनाएको छ कि एउटा क्षेत्रीय संकटको असर हजारौं किलोमिटर टाढासम्म पुग्छ।

इरान-अमेरिका तनावले पनि यही यथार्थलाई उजागर गर्‍यो। युद्ध पश्चिम एसियामा भयो, तर त्यसको चिन्ता काठमाडौंका घरपरिवारसम्म पुग्यो। कारण स्पष्ट थियो– ऊर्जा बजार, समुद्री व्यापार र नेपाली श्रमिकको भविष्य प्रत्यक्ष रूपमा त्यससँग जोडिएको थियो।

नेपालले युद्धविराम र शान्ति प्रक्रियाको स्वागत गर्दै जारी गरेको वक्तव्यमा पश्चिम एसियामा दिगो शान्ति र स्थायित्व कायम हुने अपेक्षा व्यक्त गरेको छ। यो प्रतिक्रिया केवल कूटनीतिक औपचारिकता होइन, वास्तवमा पश्चिम एसियाको स्थायित्व आज नेपालको राष्ट्रिय हितसँग प्रत्यक्ष रूपमा जोडिएको विषय बनिसकेको छ। जुन दिनदेखि युद्ध सुरु भयो, त्यो दिनदेखि सरकार मात्र होइन, सामान्य नागरिक पनि एक किसिमले तनावमा गुज्रिनुपरेको थियो।

नेपालको परराष्ट्र नीतिमा पश्चिम एसियाले लामो समयसम्म अमेरिका, चीन र भारतले जस्तो प्राथमिक स्थान पाएको थिएन। तर, पछिल्ला तीन दशकमा परिस्थितिमा ठूलो परिवर्तन आएको छ। खाडीमुलुकहरू नेपाली श्रमिकको प्रमुख गन्तव्य बनेसँगै पश्चिम एसिया नेपालको आर्थिक सुरक्षाको महत्त्वपूर्ण आधारमा रूपान्तरण भएको छ।

आज लाखौं नेपाली नागरिक त्यहाँ कार्यरत छन् र उनीहरूले पठाउने विप्रेषणले नेपालको अर्थतन्त्रलाई धानेको छ। यतिमात्र होइन, यस क्षेत्रमा नेपालीको लगानीसमेत बढेको छ। त्यसैले, पश्चिम एसियाको कुनै पनि राजनीतिक वा सुरक्षा संकट नेपालका लागि अब केवल अन्तर्राष्ट्रिय घटनाक्रम होइन, राष्ट्रिय चासोको विषय हो। त्यसैले पश्चिम एसिया नेपालको परराष्ट्र नीतिको एक प्रमुख प्राथमिकता बन्नुपर्छ र बनेको छ।

यस संकटका क्रममा नेपालको कूटनीतिक व्यवहारले पनि एउटा महत्त्वपूर्ण सन्देश दिएको छ। नेपालले कुनै पक्षको समर्थन गरेन, न इरानको पक्षमा उभियो, न अमेरिकाको। बरु नेपालले संवाद, संयम र कूटनीतिक समाधानको पक्षमा आफ्नो परम्परागत अडान दोहोर्‍यायो। यो नेपालको विदेश नीतिको मूल आधारसँग मेल खान्छ। असंलग्नता, सार्वभौम समानता, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति र शान्तिपूर्ण सहअस्तित्व नेपालको परराष्ट्र नीतिका स्थायी आधारहरू हुन्। युद्धभर नेपालले यिनै मान्यतामा जोड दिइरह्यो र आफ्नो राष्ट्रिय स्वार्थलाई हेर्‍यो।

तर, वर्तमान संकटले नेपालको परराष्ट्र नीतिका केही नयाँ चुनौतीहरू पनि उजागर गरेको छ। पश्चिम एसिया अहिले केवल तेल उत्पादन गर्ने क्षेत्र मात्र होइन, विश्व शक्तिहरूको प्रतिस्पर्धाको केन्द्र बन्दै गएको छ। अमेरिका, इरान, इजरायल, साउदी अरब, टर्की, रुस र चीनका रणनीतिक हितहरू यहाँ एकआपसमा जुधिरहेका छन्। ऊर्जा स्रोत, समुद्री मार्ग, क्षेत्रीय प्रभाव र सुरक्षा व्यवस्थापनका प्रश्नहरूले पश्चिम एसियालाई विश्व राजनीतिको केन्द्रमा राखेका छन्। यस्तो अवस्थामा नेपालले अब त्यस क्षेत्रलाई हेर्ने नयाँ नीति र दृष्टिकोण तयार पार्नुपर्ने आवश्यकतालाई उजागर गरेको छ।

» बाँकी पृष्ठ ३

टिप्पणी

> बाह्य झट्काबाट कम प्रभावित हुने अर्थतन्त्र निर्माण नगरेसम्म नेपाल यस्ता अन्तर्राष्ट्रिय संकटहरूको प्रभावबाट पूर्णरूपमा सुरक्षित रहन सक्दैन।

## स्वार्थ समूहको कब्जामा कर्णालीको खेलकुद

### कर्णालीका अर्थमन्त्री शाहदेखि खेलकुद परिषद्का उपाध्यक्ष हमालमाथि नैतिकताको प्रश्न

**विस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

कर्णाली प्रदेशमा खेलकुदका नाममा स्वार्थ समूहहरूले कब्जा जमाएका छन्। सरकारी बजेटबाट आफ्नै संस्था र आबद्ध संघलाई कार्यक्रम सञ्चालनको जिम्मा दिएर स्वार्थ समूहहरूले खेलकुदको बजेटमाथि कब्जा जमाएका हुन्।

केही उदाहरण हेरौं: कर्णाली प्रदेश खेलकुद विकास परिषद्को १० लाख आर्थिक सहयोगमा सञ्चालन हुने 'काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन' को जिम्मा परिषद्कै उपाध्यक्ष प्रमोद हमाल आबद्ध संस्था 'मिड वेस्टर्न फिटनेस सेन्टर' लाई दिइएको छ।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह अध्यक्ष रहेको



**वीरेन्द्रनगरमा सञ्चालन भइरहेको ४६औं नेसनल एथलेटिक्स च्याम्पियनसिप उद्‌घाटन गर्दै प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह।**
● विस्नप्रसाद न्यौपाने

नेपाल एथलेटिक्स संघले आयोजना गरेको '४६ औं नेसनल एथलेटिक्स च्याम्पियनसिप-२०८३' को सम्पूर्ण खर्च प्रदेश सरकारले बेहोर्ने निर्णय भएको छ। मन्त्री शाहले उक्त '४६ औं नेसनल एथलेटिक्स च्याम्पियनसिप-२०८३' का लागि ७० लाख बजेट विनियोजन गरे। नेसनल एथलेटिक्स च्याम्पियनसिप-२०८३ प्रदेश रंगशालामा गत शुक्रबारदेखि सुरु भयो भने, तेस्रो काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन प्रतियोगिता सोमबारदेखि हुँदैछ।

'दौडिन्छ कर्णाली' नारासहित सुर्खेतको वीरेन्द्रनगरमा राष्ट्रिय हाफ म्याराथन आयोजना हुँदै छ। कर्णाली प्रदेश खेलकुद विकास परिषदको आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टर, सुर्खेतको आयोजनामा प्रत्येक वर्ष ओलम्पिक 'डे' का अवसरमा सञ्चालन हुँदै आएको प्रतियोगिताको यो तेस्रो संस्करण हो। प्रदेश खेलकुद विकास परिषद्का उपाध्यक्ष प्रमोद हमालले पहिलो वर्ष उद्योग वाणिज्य संघलाई आग्रह गर्दा गर्न नसकेका कारण आफ्नो व्यक्तिगत फर्ममार्फत गरिँदै आएको बताए। उनले भने, 'सुरुवातमा कसैले आयोजना गर्न मानेनन्। मेरो फर्मले पनि प्रतियोगिता आयोजना गर्न नपाउने भन्ने होइन। यो तेस्रो संस्करण हो। पहिलोदेखि नै हामीले गरेका हौं। अहिले पनि गर्दै छौं।'

» बाँकी पृष्ठ ६